**सप्तरी जिल्लाको कञ्चनरुप र हनुमाननगर कंकालिनी नगरपालिकामा फैलिएको मौसमी रुघाखोकी (Seasonal Influenza) को हालको अवस्था र व्यवस्थापन तपसिल अनुसार रहेको व्यहोरा अनुरोध छ ।**

- कञ्चनरुप नगरपालिकाले ४ जना चिकित्सक सहित ८० जना स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य संस्था र वार्ड वार्डमा बिरामीहरुको उप्पचार गरीरहेको ।
- प्रत्येक वार्डमा ३ जना स्वास्थ्यकर्मी आवश्यक औषधी सहित घर घरमा परिचालन भईरहेको ।
- मौसमी रुघाखोकीबाट बच्ने उपायहरु बारेमा सूचना सन्देशहरु FM Radio र स्थानीय संचारमाध्यमहरुबाट नियमित रुपमा प्रवाह भईरहेको ।साथै स्वास्थ्य सूचनाको ब्रोसर तथा पम्प्लेटहरु सहित महिला स्वास्थ्य स्वयं सेवीका घर घरमा परिचालन भईरहेको ।
- कञ्चनरुप नगरपालिकाका र हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गतका विभिन्न स्वास्थ्यसंस्थाहरुबाट निरन्तर रुपमा रुघाखोकी, ज्वरोबाट प्रभावित बिरामीहरुको उपचार व्यवस्थापन कार्य भईरहेको ।
- मिति २०७५ भाद्र २४ गते देखि २०७५ अशोज ०१ गते सम्ममा विभिन्न वडाहरुमा संचालन गरिएका स्वास्थ्य शिविर तथा स्वास्थ्य संस्थाहरुमा जम्मा २९४८ जना मौसमी रुघाखोकीका लक्षण भएका बिरामीहरुको उपचार गरिएको ।
- इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट इपिडिमियोलोजी शाखा प्रमुख डा. प्रकाश शाह को नेतृत्वमा टोली प्रभावित स्थानमा पुगी सरोकारवालाहरुसंग अन्तरक्रिया गरी महामारी प्रतिकार्य तथा व्यवस्थापन अझै प्रभावकारी रुपमा आगाडी लैजाने बिषयमा छलफल गरिएको ।

- WHO बाट प्रभावित क्षेत्रमा उपचार व्यवस्थापनमा सहजिकरण गर्न WHO Emergency District Support (WEDS) Officer हरुबाट निरन्तर सहयोग भईरहेको।
- हाल सम्म जम्मा **४ जनाको मृत्यु** भएको। मिति २०७५ भाद्र २७ पश्चात थप मृत्यु नभएको ।
- यस महाशाखा, जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरी, कञ्चनपुर प्रा.स्वा.के., कञ्चनरुप नगरपालिका र प्रभावित क्षेत्रमा खटिएका WHO लगायत अन्य टोलीहरु संग निरन्तर सम्पर्कमा रहिरहेको ।